# व्यावसायिक विशेषज्ञहरुको सूची तयार गर्ने सम्बन्धमा
## नेपाल राष्ट्र बैंकको
## सूचना

**प्रथम पटक प्रकाशित मितिः** (२०६३/११/२८)

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा १३ को प्रयोजनका लागि यस बैंकले थप व्यावसाहिक विशेषज्ञहरुको सूचि कायम गर्न लागेकोले देहायमा उल्लिखित योग्यता पुगेका व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र देहाय बमोजिमका कागजातहरु संलग्न राखी यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागमा आइपुग्ने गरी निबेदन पेश गर्नु हुन समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### (१) आवश्यक योग्यता तथा अनुभव

(क) व्यवस्थापन, बैङ्किङ्ग, वित्तीय, मौद्रिक, अर्थ शास्त्र, वाणिज्य शास्त्र, व्यापार प्रशासन, वाणिज्य कानून विषयमा कम्तीमा स्नातकोत्तर वा चार्टर्ड एकाउण्टेन्सी उपाधि हासिल गरी बैङ्किङ्ग तथा वित्तीय क्षेत्रको कार्यकारी तहमा कम्तीमा पाँच वर्षको कार्यानुभव भएको ।

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि “कार्यकारी तह” भन्नाले नेपाल सरकार, राष्ट्र बैङ्क, बैङ्क वा वित्तीय संस्थाको प्रथम श्रेणीको अधिकृत वा कुनै बैङ्क वा वित्तीय संस्थाको वरिष्ठ व्यवस्थापक वा मान्यताप्राप्त विश्वविद्यालयको सह-प्राध्यापक वा सोभन्दा माथिको पद सम्झनु पर्छ ।

(ख) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा १८ बमोजिमको अयोग्यता नभएको हुनुपर्ने ।

### (२) निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

(क) व्यक्तिगत विवरण (यस विभागद्धारा तयार गरिएको ढाँचा अनुसार)
(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
(ग) अनुभवको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
(घ) नागरीकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
(ङ) कर चुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

साथै, व्यावसाहिक विशेषज्ञहरुको सूचिमा समावेश गर्ने, नगर्ने अधिकार यस बैंकमा सुरक्षित रहेको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

विस्तृत जानकारीको लागि
नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बैंक तथा वित्तीय संस्था नियमन विभाग
बालुवाटार, काठमाडौं ।